# आन्तरिक मामिला तथा कानून मन्त्रालय सँग सम्बन्धित सार्वजानिक विवरण

(२०८१ साउन देखि २०८१ कार्तिक मसान्त सम्म)

आन्तरिक मामिला तथा कानून मन्त्रालय
कर्णाली प्रदेश
मङसिर, २०८१

## १.१ मन्त्रालयको पृष्ठभुमि

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ । राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ । संविधान बमोजिम संघको एकल अधिकार अनुसूचि ५ मा र साझा अधिकार अनुसूचि ७ र ९ मा, प्रदेशको एकल अधिकार अनुसूचि ६ मा र साझा अधिकार अनुसूचि ७ र ९ मा तथा स्थानीय तहको एकल अधिकार अनुसूचि ८ मा र साझा अधिकार अनुसूचि ९ मा उल्लेखित विषयमा निहित छ । धारा ५८ मा यस संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुने गरी अवशिष्ट अधिकार (Residual Right) को प्रयोग गर्ने अधिकार भने संघलाई प्रदान गरिएको छ । संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपाल सरकारको मिति २०७४ साल माघ १० गतेको निर्णयानुसार कर्णाली प्रदेशमा सातवटा मन्त्रालयहरुको स्थापना गरिएको छ ।सातवटा मन्त्रालयहरुमध्येको आन्तरिक मामिला तथा कानून मन्त्रालय पनि एक हो । साविक शहरी विकास तथा भवन डिभिजनकार्यालय सुर्खेतको भवनमा मिति २०७४।१०।१९ गते स्थापना भई संचालनमा रहेको छ । यसको गठन प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसंस्थाको समन्वय र सहकार्य गर्ने मुख्य उद्देश्यका साथ यस मन्त्रालयको स्थापना भएको छ।

## १.२ दृष्टिकोण

* नागरिकको जीउ ज्यान, सम्पत्ति, स्वतन्त्रता र आधारभूत मानव अधिकारको संरक्षण एवं शान्त र सुरक्षित प्रदेश।

## १.३ लक्ष्य

* दिगो र भरपर्दो शान्ति सुरक्षा व्यवस्था, विपद् व्यवस्थापन, जोखिम न्यूनिकरण र सूचनाको प्रविधि विकास, नयाँ स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय गर्ने मन्त्रालयको लक्ष्य रहेको छ ।

१.४ ९ बुदें कार्यान्वयनको अवस्था

| बुदा नं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | प्रदेश सरकार अन्तर्गतका जिल्लास्थित सबै कार्यालयले चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रममा रहेका योजनाको विवरण (योजनाको नाम, कार्यान्वयन हुने स्थान, | मन्त्रालय अन्तर्गत विनियोजन भएको र स्थानीय तहमार्फत बजेट कार्यान्वयन |

| | | |
|---|---|---|
| | कार्यान्वयन अवधि तथा विधि, बजेट आदि) सम्वत् २०८१ साउन मसान्तभित्र सम्बन्धित स्थानीय तहलाई जानकारी तथा कार्यान्वयन सहजीकरणका लागि पत्राचार गर्नेछौं। | गर्नुपर्ने विषयमा सबै स्थानीय तहलाई पत्रचार गरिएको। |
| २ | स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्डहरु सम्वत् २०८१ भाद्र मसान्तभित्र तर्जुमा र असोज १५ भित्र स्वीकृत गर्नेछौं। | मन्त्रालयगत रुपमा तर्जुमा गर्नुपर्ने आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड स्वीकृतिका लागि कर्णाली प्रदेश सरकार समक्ष पेश गरिएको र एक वटा कार्यविधिमा सहमतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा सहमति माग गरिएको। |
| ३ | स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतका सालबसाली आयोजनाहरु सम्वत् २०८१ असोज १५ भित्र खरिद प्रक्रिया अगाडि बढाउनुका साथै वहुवर्षीय तथा क्रमागत आयोजनाको कार्यान्वयनलाई तीव्रता दिनेछौं। | मन्त्रालय अन्तर्गत खरिद गर्नुपर्ने विषयहरुमा खरिद प्रक्रिया अगाडि बढाइएको। |
| ४ | महालेखापरीक्षकको प्रतिवेदनमा कायम भएको बेरुजु फस्र्यौटको सम्वत् २०८१ साउन मसान्तभित्र कार्ययोजना बनाइ तदारुकताका साथ कार्यान्वयन गर्नेछौं। | बेरुजु फस्र्यौटको लागि कार्ययोजना बनाई कार्यान्वयन गरिएको। |
| ५ | प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्ने आयका स्रोतहरुको पहिचान गरी राजश्वमा वृद्धि गर्नेछौं। | मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने आयका स्रोतहरुको पहिचान गरी विगत आर्थिक बर्षदेखिनै राजश्व संकलन (सञ्चार माध्यम दर्ता तथा नवीकरण) गरिदै आएको। |
| ६ | आयोजना/कार्यालयप्रमुखसँग कार्यसम्पादन सम्झौता गरी वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजनाको समयवद्ध र पूर्णरुपमा कार्यान्वयन गर्नेछौं। | कार्ययोजना निर्माणको प्रक्रियामा रहेको। |
| ७ | बजेट तथा कार्यक्रम कार्यान्वयनको अनुगमन कार्ययोजना बनाइ | कार्ययोजना निर्माणको |

| | | |
|---|---|---|
| | प्रभावकारी र नतिजामूलक अनुगमन गर्नेछौ | प्रक्रियामा रहेको। |
| ८ | उपलब्ध स्रोत र साधनको मितव्ययी र कुशलतापूर्वक प्रयोग गर्दै आफ्नो निकायबाट प्रवाह गरिने सेवालाई नतिजामूलक, गुणस्तरीय, नागरिकमैत्री र प्रभावकारी बनाउनेछौं। | सेवाप्रवाहलाई प्रभावकारी बनाउन नागरिक बडापत्रको व्यवस्था गरिएको। |
| ९ | आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रमको तयारीको कार्यतालिका बनाइ दोस्रो त्रैमासिक देखि सुरुवात गरी समयवद्ध रुपमा यो०जना तर्जुमाको कार्यसम्पादन गर्नेछौ। | कार्यक्रमको कार्यतालिका निर्माणको क्रममा रहेको। |

३ प्रदेश सरकारको प्रमुख नीति तथा कार्यक्रमहरु र सोको प्रगति विवरण

| सि.नं. | प्रमुख नीतिहरु | कार्यक्रम | कार्यक्रम संचालनमा गरिएका क्रियाकलापहरु | प्रगति | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | सङ्घीय सरकारसँगको सहकार्यमा प्रदेशभित्रका सुरक्षा निकायको भौतिक पूर्वाधारको सुदृढीकरणमा सहकार्यको व्यवस्था मिलाएको छु। मुख्य सीमा नाकामा अपराध नियन्त्रण गर्न डिजिटल गेट र प्रदेश राजधानी वीरेन्द्रनगर लगायत संवेदनशील स्थानमा सिसिटिभि लगायतका सुरक्षा प्रवन्धका लागि उपकरण जडान गर्न आवश्यक बजेट विनियोजन गरेको छु । | सि सि टि भी खरिद तथा जडान कार्य | | | |
| ४ | | फर्निचर तथा फिक्चर्स सामाग्री खरिद | कुर्चि,३,कारपेट १६ मिटर पर्दा, | २० | ० |
| ५ | | निर्मित भवनको संरचनात्मक सुधार | कार्यालय भवन रङ्गरोगन | १०० | ० |
| ७ | | गणतन्त्र दिवस, संविधान दिवस, कानुन दिवस, शहिद दिवस , प्रदेश स्थापना दिवस लगायतका दिवस मनाउने कार्यक्रम (१) | संविधान दिवस, प्रदेश स्थापना दिवस | ७५ | ७५ |
| ९ | मानव बेचबिखन, घरेलु हिंसा, लागू औषध, मदिरा एवम् सूर्तिजन्य पदार्थको दुर्व्यसनी जस्ता हानिकारक र विभेदको अन्त्य गर्न आवश्यक निगरानी तथा | प्रदेशसुरक्षा गोष्ठी कार्यक्रम | कार्यक्रम सञ्चालको लागी छलफल भएको | ५ प्रतिसत | - |
| १० | | घरेलु हिंसा न्यूनिकरण र लागु औषद मदिरा एबं | टिप्पणी उठान भई कार्य सुरुवात | १० प्रतिशत | - |

| | | | | | |
|---|---|---|---|---|---|
| | सचेतनामूलक कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न नागरिकलाई नागरिक शिक्षा तथा चेतनाको विकास गर्न कानुनी साक्षरता कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छ। बढ्दो विद्युतीय अपराध न्यूनीकरण गर्न साइवर सुरक्षा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छ । | सुर्तिजन्य पदार्थको सेवन सम्बन्धी चेतनामूलक कार्यक्रम | को चरणमा | | |
| ११ | | कारगार कार्यालयका लागी पुस्तक तथा अन्य सामाग्री खरिद (१) | जिल्ला कारागार कार्यलयहरु संग आवश्यक सामाग्रिहरु हरुको विवरण माग गरिएको | २० प्रतिशत | |
| १२ | | जेलमा रहेका बन्दीलाई मनोसामाजिक परामर्श कार्यक्रम | टिप्पणी उठान भई कार्य सुरुवात को चरणमा | १०प्रतिशत | |
| १३ | सङ्घीय सरकारसँगको सहकार्यमा प्रदेशभित्रका सुरक्षा निकायको भौतिक पूर्वाधारको सुदृढीकरणमा सहकार्यको व्यवस्था मिलाएको छ। मुख्य सीमा नाकामा अपराध नियन्त्रण गर्न डिजिटल गेट र प्रदेश राजधानी वीरेन्द्रनगर लगायत संवेदनशील स्थानमा सिसिटिभि लगायतका सुरक्षा प्रवन्धका लागि उपकरण जडान गर्न आवश्यक बजेट विनियोजन गरेको छ। | सडक सुशासनका लागि आवशयक साम्रगी खरिद (सन्देशमुलक चिन्ह, सुचना, पम्पलेट, स्टिकर, ब्रेथलाइजर लगायत अन्य) (१) | प्रदेश प्रहरी कार्यालयहरु संग छलफलको चरणमा रहेको छ । | १० प्रतिशत | |
| १४ | | कर्णाली प्रदेशभित्रका प्रत्येक घरघरमा प्रहरीको सम्पर्क नम्बर सहितको स्टिकर टाँस्नको लागि स्टिकर छपाइ (११५०००)) | प्रदेश प्रहरी कार्यालय संग पत्राचार गरि जिल्लागत रुपमा आवश्यक संख्यामा स्टिकर माग गरिएको र उक्त विवरण प्राप्त भएको | २०प्रतिशत | |
| १६ | | सुरक्षित कर्णाली प्रदेश अभियान कार्यक्रम | समन्वय भईराखेको | ५ प्रतिशत | |
| १७ | | सुरक्षा निकायसंग अन्तरक्रिया कार्यक्रम (३) | सुरक्षा निकायसंग अन्तरक्रिया कार्यक्रम को लागि | ३० प्रतिशत | - |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २०८१/०८/२१ मा कार्यक्रम गर्नेभनि मिति तय भएको | | |
| १९ | जनआन्दोलन, सशस्त्र सङ्घर्ष र कर्णाली प्रदेश प्राप्ति आन्दोलनको क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था तथा आन्दोलनको क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिको जीवन निर्वाह भत्ता र न्यूनतम जिविकोपार्जन एवम् सम्मानका लागि सहिदका आमाबुवाको पहिलो हकाधिकार हुने गरी परिवारलाई सहिद स्मृति भत्तासम्बन्धी कार्यक्रमलाई निरन्तरताको लागि ८ करोड ५० लाख बजेट विनियोजन गरेको छु । | जन युद्ध जनआन्दोलन तथा प्रदेश प्राप्तिको आन्दोलनका कार्यक्रममा घाइते अपाँगता भएका व्यक्तिलाई जीवन निर्वाह विशेष भत्ता | कार्यविधि निर्माण भई मन्त्रिपरिषदबाट स्वीकृत समेत भएको र सुचना निश्कासन गरी स्थानीय तह संग विवरण माग गरिएको | - | - |
| २० | | जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका सहिद वा वेपत्ता परिवारलाइ सहित स्मृति भत्ता (१) | कार्यविधि निर्माण भई मन्त्रिपरिषदबाट स्वीकृत समेत भएको र सुचना निश्कासन गरी स्थानीय तह संग विवरण माग गरिएको२० | २० प्रतिशत | - |
| २१ | | द्वन्द्व पीडित घाईते उपचार कार्यक्रम | कार्यविधि निर्माण गरि मन्त्रिपरिषदबाट स्वीकृत भएको र | ५० प्रतिशत | - |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रदेश अस्पताल सुर्खेत संग सम्झौता समेत भएको छ। | | |
| २२ | | बाल सुधार गृह निर्माण | जग्गा एकिनको लागी उपत्यका नगर विकास समित लाई पत्राचार गरिएको | ५ प्रतिशत | - |
| २३ | | कर्णाली प्रदेश प्रहरी कार्यालय अन्तर्गतका कार्यालयहरुका लागि मोटरसाइकल खरिद (५) | प्रदेश प्रहरी कार्यालय संग छलफल भएको | ५ प्रतिशत | |
| २४ | मानव बेचबिखन, घरेलु हिंसा, लागू औषध, मदिरा एवम् सूर्तिजन्य पदार्थको दुर्व्यसनी जस्ता हानिकारक र विभेदको अन्त्य गर्न आवश्यक निगरानी तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न नागरिकलाई नागरिक शिक्षा तथा चेतनाको विकास गर्न कानुनी साक्षरता कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु। बढ्दो विद्युतीय अपराध न्यूनीकरण गर्न साइवर सुरक्षा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु। | साइवर अपराध न्युनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम | प्रकृयामा रहेको | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | विपद् व्यवस्थापनका कार्यक्रमहरूलाई एकीकृत गरी जोखिम न्यूनीकरण तथा रोकथामका उपाय अवलम्बन गरिनेछ। विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदाहरणीय कार्य गर्नेलाई प्रोत्साहन तथा पुरस्कृत गर्न आवश्यक व्यवस्था मिलाएको छु। सङ्घीय सरकार समेतको सहकार्यमा विपद्को समयमा तत्काल उद्धार गर्न आवश्यक बजेट व्यवस्था गरेको छु। विपद् संवेदनशील क्षेत्रमा विपद् जोखिम नक्साङ्कन गरी सूचना प्रणाली जडान तथा निगरानी केन्द्र स्थापना तथा इन्टरनेट सेवाको वैकल्पिक व्यवस्थापन एवम् आपतकालीन सञ्चार केन्द्र स्थापनाको लागि स्याटलाइट ब्रोड ब्याण्ड व्यवस्थाको लागि आवश्यक प्रबन्ध मिलाएको छु। प्रदेश विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिएको छु। | प्राकृतिक प्रकोप एवं विपत सम्बन्धी अभिमुखीकरण कार्यक्रम (४) | कार्यक्रम संचालनका टिप्पणी तयार भएको | - | - |
| २६ | | प्राकृतिक प्रकोप एवं विपत सम्बन्धी सेमुलेसन अभ्यास (१) | प्रक्रिया सुरु भएको | - | - |
| २७ | | कर्णाली प्रदेश विपद् जोखिम क्षेत्रको नक्साँकन (1) | प्रक्रिया सुरु भएको | - | - |
| २८ | | विपद् शाहसिक पुरस्कार र वितरण कार्यक्रम (१) | कार्यविधि अर्थवाट सहमती प्राप्त गरि मन्त्रिपरिषदमा पेश गर्नका लागी प्रस्ताव पठाईएको | १० प्रतिशत | - |
| २९ | | प्रदेश आपतकालिन कार्यसंचालन केन्द्र व्यवस्थापन (1) | आवश्यक साम्रगीका लागी पत्र लेखि पठाईएको | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | जोखिमयुक्त, सङ्कटग्रस्त, दुर्गम, पिछडिएका क्षेत्र तथा न्यून आय भएका नागरिकका लागि विपद् घर सुरक्षा कार्यक्रम अन्तर्गत घर बिमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। विपद् घर सुरक्षा कार्यक्रम अन्तर्गत रू. ४ करोड ५० लाख विनियोजन गरेको छु। सम्पूर्ण कर्णालीवासी तथा यस प्रदेशमा सेवारत सबै नागरिकको सामूहिक विपद् जोखिम दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिएको छु। | विपद् जोखिम विरुद्ध सामिहक दूर्घटना बीमा कार्यक्रम (1) | कार्यविधि सहमतिका लागी अर्थमा पठाईएको | १० प्रतिशत | - |
| ३५ | | कर्णाली प्रदेशका सबै घरहरूको विपद् जोखिम बीमा (1) | बिमा कम्पनी संग छलफलको क्रममा रहेको | - | - |
| ३६ | विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन एक जिल्ला एक वायर हाउस निर्माण कार्यको लागि आवश्यक व्यवस्था मिलाएको छु। विपद् प्रतिकार्य, खोज र उद्धार कार्यको लागि विपद्सँग सम्बन्धित अत्यावश्यक सामग्रीको अभाव नहुने प्रबन्ध मिलाएको छु। | प्राथमिक उपचार तथा खोज उद्धार तालिम (४) | प्रक्रिया सुरु भएको | - | - |
| ३८ | | आपतकालिन राहत सामग्री खरिद तथा वितरण (1) | पत्र लेखिएको | - | - |
| ३९ | | बिपद् वायर हाउस निर्माण (1) | पत्र लेखिएको | - | - |
| ४३ | स्थानीय र प्रादेशिक सञ्चार गृहको प्रवर्द्धनको लागि हाल दिइँदै आएको लोक कल्याणकारी विज्ञापनको रकममा वृद्धि गरेको छु। पत्रकार स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाएको छु। विपद् तथा अन्य जोखिमका कारण क्षति हुने सञ्चार माध्यमको बिमाका लागि | कर्णाली प्रदेशका पत्रकारहरुको व्यवसायिक क्षमता अभिवृद्धि कार्यक्रम (1) | | | |
| ४५ | | प्रदेश मन्त्रालय र स्थानिय तहका प्रवक्ता, सूचनाअधिकारी बीच अन्तरक्रिया कार्यक्रम (2) | प्रदेश मन्त्रालय र स्थानिय तहका प्रवक्ता, सूचना अधिकारीको तथ्याङ्क संकलन | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| | सञ्चार माध्यम बिमा कार्यक्रम अन्तर्गत आवश्यक बजेट विनियोजन गरेको छु। सूचना प्रविधि तथा आमसञ्चार क्षेत्रको नियमन तथा व्यवस्थापन गर्न आवश्यक विधेयक तयारी गरी यसै सम्मानित प्रदेशसभामा पेस गरिनेछ। पत्रकारिता तथा आमसञ्चार विषयमा छात्रवृत्ति, पुरस्कार र क्षमता अभिवृद्धि लगायतका कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिएको छु। | | गर्ने कार्य भइरहेको। | | |
| ३५ | | रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्र मार्फत प्रदेश विशेष कार्यक्रम संचालन (1) | रेडियो नेपाल सँग सम्झौता भई कार्यान्वयन भईरहेको। | - | - |
| ४७ | | लोककल्याणकारी विज्ञापन प्रसारण तथा प्रकाशन कार्यक्रम (1) | कार्यविधि तयार भई कार्यान्वयनमा रहेको। | - | |

४ निर्माण भएका कानूनहरु

| क्र.स. | नामको नाम | प्रमाणिकरण मिति |
|---|---|---|
| | ऐन | |
| १ | स्यानीय तहको पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धि ऐन, २०७७ | २०७७/०३/३० |
| २ | कर्णाली प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणिकरण ऐन, २०७५ | २०७५/०२/३० |
| ३ | कर्णाली प्रदेश सभाका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७५ | २०७५/०८/१० |
| ४ | जिल्ला सभा सञ्चालन ऐन, २०७५ | २०७५/०८/१० |
| ५ | गाउ सभा र नगरसभा सञ्चालन ऐन, २०७५ | २०७५/०८/१० |
| ६ | प्रदेश सभा सचिवलाय सम्बन्धी ऐन, २०७५ | २०७६/०८/०१ |
| ७ | कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ | २०७६/०२/१४ |
| ८ | प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० | प्रदेश सभामा पेश |
| | नियमावली | |

| | | |
|---|---|---|
| १ | कर्णाली प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ | २०७६/०७/१९ |
| २ | कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६ | २०७६/११/०५ |

### कार्यविधि/मापदण्ड/ निर्देशिका

(१)राजपत्र सम्पादन तथा प्रकाशन सम्बन्धी कार्यविधि, २०७४
(२) कानूनी सहायता सम्बन्धी कार्यविधि, २०७६
(३) सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८१
(४) द्वन्द्व पीडित घाइते उपचार कार्यविधि, २०८१
(५) अपाङ्ग भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८१
(६) कर्णाली प्रदेश विज्ञापन वितरण कार्यविधि, २०८१
(७)कर्णाली प्रदेश विपद् साहासिक उद्धार पुरस्कार कार्यविधि, २०८१
(८)विपद् राहत वितरण मापदण्ड कार्यवधि, २०७९
(९)पत्रकारिता पुरस्कार वितरण कार्यविधि २०८१
(१०)सामूहिक दुर्घटना जोखिम बीमा कार्यविधि, २०८१ (आर्थिक मामिला तथा योजना मन्त्रालयमा सहमति माग गरिएको)

## प्रवक्ताको विवरण



नाम :उत्तम गौतम
पद : उप सचिव
महाशाखा : कानून महाशाखा

## सुचना अधिकारीको विवरण



नाम : तुलसी प्रसाद आचार्य
पद : कम्प्युटर अधिकृत
शाखा : संचार शाखा

**सुचना माग सम्बन्धी कार्यालयमा प्राप्त निवेदन**

यस प्रतिवेदनको अवधि २०८१ साउन देखि कार्तिक मसान्तरसम्म २ वटा लिखित निवेदन प्राप्त भएको।

**मन्त्रालयको वार्षिक बजेट र  खर्चको विवरण :-**

क.आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेशको आर्थिक वर्ष २०८१/८२ को साउन महिना देखि कार्तिक मसान्तरसम्मको खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

| क्र.स. | बजेटको किसिम | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु तर्फ जम्मा | २५२,३००,०००.०० | ८,४०४,९६१.१२ | ३.३३१३३६ |
| २ | पुँजीगत तर्फ जम्मा | ४४,१४०,०००.०० | ८२३,७२१.०० | १.८६६१५५ |
| जम्मा | | २९६,४४०,०००.०० | ९,२२८,६८२.१२ | ३.११३१७ |

स्रोत आर्थिक प्रशासन शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश।

ख. खर्च शीर्षक अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयको खर्च विवरण (आ.व.२०८१/८२ को साउन महिना देखि कार्तिकमसान्तरको )

| खर्च शीर्षक | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २११११ पारिश्रमिक कर्मचारी | २३,५३७,०००.०० | ३,८६७,७५५.०० | १६.४३३ |
| २११२१ पोशाक | ३८०,०००.०० | ०.०० | ० |
| २११३२ महंगी भत्ता | ९१२,०००.०० | ११०,०००.०० | १२.०६१ |
| २११३४ कर्मचारीको बैठक भत्ता | ७००,०००.०० | ३६४,०००.०० | ५२ |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १,८२४,०००.०० | ३८०,०००.०० | २०.८३३ |
| २११३९ अन्य  भत्ता | ५४,०००.०० | ०.०० | ० |
| २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ३८६,०००.०० | ८,६१३.१२ | २.२३१४ |
| २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | १८३,०००.०० | १८,४००.०० | १०.०५५ |
| २२१११ पानी तथा बिजुली | ८१०,०००.०० | २९,१३७.०० | ३.५९७२ |
| २२११२ संचार महसुल | ६१५,०००.०० | २८,५००.०० | ४.६३४१ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १,३९०,०००.०० | ११८,३४९.०० | ८.५१४३ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,कर्णाली प्रदेश।

| | | | |
|---|---|---|---|
| २२२१३ सवारी साधन मर्मत खर्च | १,४२०,०००.०० | २०४,४००.०० | १४.३९४ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ५२८,०००.०० | ३२२,१८०.०० | ६१.०१९ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ७००,०००.०० | ६१,२४६.०० | ८.७४९४ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ६००,०००.०० | ०.०० | ० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | १,२००,०००.०० | २६२,२१९.०० | २१.८५२ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ५०,०००.०० | ०.०० | ० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ७२,०००.०० | १६,३८०.०० | २२.७५ |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,०००,०००.०० | ०.०० | ० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५००,०००.०० | ०.०० | ० |
| २२४१३ करार सेवा शुल्क | ३,३६३,०००.०० | १,२९३,३००.०० | ३८.४५७ |
| २२४१९ अन्य सेवा शुल्क | ४८०,०००.०० | १३१,४२०.०० | २७.३७९ |
| २२५११ कर्मचारी तालिम खर्च | ४५०,०००.०० | ०.०० | ० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २,८००,०००.०० | ०.०० | ० |
| २२५२२ कार्यक्रम खर्च | ९५,१४५,०००.०० | ७५४,१६७.०० | ०.७९२७ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १,२००,०००.०० | ७३,०००.०० | ६.०८३३ |
| २२६१२ भ्रमण खर्च | १,२००,०००.०० | १९३,४००.०० | १६.११७ |
| २२७११ विविध खर्च | १,२००,०००.०० | १६८,४९५.०० | १४.०४१ |
| २६४१२ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अनुदान | ७००,०००.०० | ०.०० | ० |
| २७२११ छात्रवृत्ति | ८००,०००.०० | ०.०० | ० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १०७,५६१,०००.०० | ०.०० | ० |
| २८१४२ घर भाडा | ५४०,०००.०० | ०.०० | ० |
| चालु जम्मा | २५२,३००,०००.०० | ८,४०४,९६१.१२ | ३.३३१३ |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | २४,२४०,०००.०० | ०.०० | ० |
| ३११२१ सवारी साधन | १,५००,०००.०० | ०.०० | ० |
| ३११२२ मेशिनरी तथा औजार | ११,९००,०००.०० | ०.०० | ० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २,०००,०००.०० | १९४,१६७.०० | ९.७०८४ |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १,०००,०००.०० | ०.०० | ० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २,०००,०००.०० | ६२९,५५४.०० | ३१.४७८ |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | १,५००,०००.०० | ०.०० | ० |

| | | | |
|---|---|---|---|
| पुँजीगत तर्फ जम्मा | ४४,१४०,०००.०० | ८२३,७२१.०० | १.८६६२ |
| मन्त्रालयको कुल जम्मा | २९६,४४०,०००.००० | ९,२२८,६८२.१२ | ३.११३२ |

स्रोत आर्थिक प्रशासन शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश।

## बजेट कार्यान्वयनमा भएका समस्या र समाधानका उपायहरु

### ४.१ समस्याहरु

- स्वीकृत दरबन्दी अनुसार कर्मचारीको पदपुर्ति नभएको। (३८ जना कर्मचारीको दरबन्दी मध्ये १३ वटा दरबन्दी रिक्त, ३ वटा महाशाखा प्रमुखको दरबन्दी रिक्त रहेको),
- मन्त्रालयको मातहतको निकाय नहुँदा जिल्लास्थित मन्त्रालयसँग सम्बन्धित गतिविधि सङ्कलनमा कठिनाई उत्पन्न भएको,
- संघीय कार्यालय र स्थानीय तहमार्फत कार्यक्रम कार्यान्वयन गराउँदा सम्बन्धित संघीय मन्त्रालयको सहमति प्राप्तिमा समय लाग्ने गरेको,
- तीनतहका सरकारबीच अधिकार क्षेत्र र जिम्मेवारीका सम्बन्धमा अस्पष्टता हुँदा मन्त्रालयको कार्यजिम्मेवारीका विषयमा कानून तर्जुमा गर्न कठिनाई भएको,
- पुर्वसम्भाव्यता अध्ययन र तयारी विनाका आयोजना कार्यक्रममा बजेट प्रस्ताव हुने गरेको,
- विपद् व्यवस्थापनमा सबै विषयगत मन्त्रालय तथा क्षेत्रहरुले अपनत्व नलिएको,
- सार्वजनिक खर्चको मापदण्ड लचिलो नहुँदा कार्यक्रम कार्यान्वयनमा प्रक्रियागत जटिलता उत्पन्न भएको,
- विनियोजित बजेट खर्च गर्ने कार्यमा कर्मचारीहरु उदासिन रहेका,
- कर्मचारीमा उत्प्रेरणाका कार्यक्रमहरु सञ्चालन नभएका,
- कार्यसम्पादनको आधारमा कर्मचारीको मूल्याङ्कन हुने नगरेको,
- अन्तर निकायगत समन्वयको अभाव रहेको।

### ४.२ समाधानका उपायहरु

- आवश्यक पूर्वतयारी भएका तथा मन्त्रालयबाट सम्पन्न गर्न सक्ने क्षमता भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्ने,
- परियोजना बैङ्कलाई तत्काल कार्यान्वयनमा ल्याई सो बैङ्कमा नपरेका आयोजनामा बजेट विनियोजन नगर्ने नीति लिनुपर्ने,
- विषयक्षेत्रसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग समेत अन्तरक्रिया छलफल गरी बजेट तर्जुमा गर्नुपर्ने,
- रकम अख्तियारी प्रदान गर्ने सम्बन्धी ऐननियमहरु सरलीकृत गर्नुपर्ने,
- अवण्डा राखिएका रकमहरु समयमै बाँडफाँड गरी कार्यान्वयन गर्ने तहमा हस्तान्तरण गर्नुपर्ने,

- आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्तिको आँकलन गरी पदपुर्तिका लागि प्रदेश लोकसेवा आयोग सँग समन्वय गर्नुपर्ने,
- आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यबिधि, निर्देशिका तर्जुमा गर्नुपर्ने भएमा वा भएका कानुन संशोधन वा परिमार्जन गर्न आवश्यक भएमा तत्काल प्रक्रिया अगाडि बढाउनुपर्ने,
- विपद् व्यवस्थापनको पुननिर्माण, पुन: स्थापनाका चरणमा सबै विषयगत मन्त्रालय वा निकायले अपनत्व लिई विपद् व्यवस्थापनका लागि प्राथामिकताका साथ बजेट विनियोजन गर्नुपर्ने,
- कर्मचारीको कार्यसम्पादनको आधारमा दण्ड पुरस्कार प्रणालीको व्यवस्था गर्नुपर्ने,
- आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने,
- कर्मचारीमा कार्यप्रति उत्प्रेरित हुनका लागि उत्प्रेरणाका कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- मन्त्रालयभित्रका अन्तर शाखा बीच समन्वय कायम गर्नुपर्ने,
- सम्बन्धित निकायले कम्तीमा एक आर्थिक वर्षसम्म श्रीमान सचिवज्यू तथा अन्य कर्मचारीको सरुवा नगर्ने नीति लिनुपर्ने।